श्री लोकेश्वर सामुदायिक वन उपभोक्ता समूह,

सुनवल-७ नवलपरासी(व.सु.प.)

वनपैदावार सिलबन्दी बोलपत्रद्धारा लिलाम विक्रि सुचना

प्रथम पटक सूचना प्रकाशन मिति : २०८३/०७/१८

यस सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादित भई सुनवल-७ स्थित कार्यालय कम्पाउण्डमा घाटगद्धी भएका निम्न लटमा विभाजित निम्न परिमाणको गोलिया काठहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान पर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ, संस्था फर्म वा कम्पनिले यो सूचना राष्ट्रिय दैनिक लुम्बिनी पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ औ (एक्काईस) दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

१) वन पैदावारको विवरण :

वन पैदावारको विवरण					मुल्याङ्कन (रु)	
लट नं.	जात	ग्रेड	थान	परिमाण (क्यू.फि.)	न्यूनतम	संकलन खर्च
	साल	ए	६	१२७.३८	१,५९,२२५/-	प्रति क्यू.फि.रु.१४६
	साल	बि	२६	२९५.६८	२,६६,११२/-	
	साल	सि	३७	२०३.५८	१,२२,१४८/-	
	साल	डि	६०	१६३.६७	४९,१०१/-	
	कुल जम्मा		१२९	७९०.५८	५,९६,५८६/-	

१) बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

खरिद गर्ने : क) अन्तिम मिति : २०८३/०८/०८ (ख) समय : बेलुका ४ बजे सम्म

दाखिला गर्ने : क) अन्तिम मिति : २०८३/०८/०९ ख) समय : दिउसो १२ बजे सम्म

२) बोलपत्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालयबाट खरिद गरि समुहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

३) बोलपत्रसाथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम यस सामुदायिक वनको नाममा रा.वा.बै.सुनवल शाखामा रहेको खाता नं. मा रकम जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ

४) बैङ्क जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनु पर्नेछ ।

५) बोलपत्र फारम प्रति लटको रु.१०००।- (एक हजार मात्र) पछि फिर्ता नहुने गरी समूहको बैक खातामा वा नगद जम्मा गरी खरिद गर्नु पर्नेछ ।

६) लिलाम बिक्री हुने वन पैदावार कार्यालय खुलेको समय भित्र तोकिएको घाटगद्धी स्थलमा गई हेर्न सकिनेछ ।

७) लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर PAN दर्ता प्रमाणपत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा सुचिकृत प्रमाणपत्र वोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

८) निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू मिति २०८३/०८/०९ गते दिनको २:० बजे साक्षीहरूको रोहवरमा खोलिने छ ।

९) लिलाम स्विकृत भएको जानाकारी प्राप्त भएको ४५ (पैतालिस) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

१०) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

११) बोलपत्रमा केरमेट भएमा, हस्ताक्षर नभएमा, छाप नभएमा, सकार रकमको अंक र अक्षर नमिलेमा, लट अनुसार परिमाण नमिलेमा बोलपत्र मान्य हुने छैन ।

१२) बोलपत्र खरिद वा दाखिला गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन बोलपत्र खरिद वा दाखिला गर्न सकिनेछ

बुटवलमा 'दीपावली सडक खाना महोत्सव' गरिँदै



बुटवल । नेपालीको महान पर्व तिहार (दीपावली)को अवसरमा बुटवल उद्योग वाणिज्य संघ स्थापदेखिले 'दीपावली सडक खाना महोत्सव'को तयारी गरेको छ। संघले यही कात्तिक २० देखि २२ गतेसम्म बुटवल उप-महानगरपालिका वडा नं ८ सुखखानगर स्थित सुरूपभगा तीन दिने दीपावली सडक खाना महोत्सवको तयारी गरिएको संघका महासचिव बसन्तप्रसाद ढकालले जानकारी दिए।

संघका अध्यक्ष नरिस्वर शर्मा पौडेलको अध्यक्षतामा भएलबार बसेको कार्यसमिति बैठकले महोत्सव सञ्चालन तथा व्यवस्थापनका लागि जिम्मेवारी बाँडफाँट गरेको छ।

बैठकले दीपावली सडक खाना महोत्सव सञ्चालन तथा व्यवस्थापन मुल समितिको अध्यक्षमा संघका अध्यक्ष पौडेललाई जिम्मेवारी प्रदान गरेको हो। त्यस्तै निकोपान अध्यक्ष हरिप्रसाद अर्यालज्यू मुख्य संरक्षक, वरिष्ठ उपाध्यक्ष सुरज भट्टराईलाई सहसंयोजक तथा उद्योग उपाध्यक्ष दिनेश श्रेष्ठ र वाणिज्य उपाध्यक्ष मुक्तिप्रसाद अधिकारीलाई उपसंयोजकको जिम्मेवारी प्रदान गरिएको महासचिव ढकाललाई जानकारी दिए।

त्यसैगरी महासचिव ढकाललाई प्रशासन तथा समन्वय, कोषाध्यक्ष रिकाराम कज्याङ्देलाई आर्थिक व्यवस्थापन, सचिव दिपक बाषाणाईलाई स्टल तथा पूर्वाधार व्यवस्थापन तथा सह-कोषाध्यक्ष कमला पोखरेललाई सांस्कृतिक कार्यक्रम व्यवस्थापनको जिम्मेवारी प्रदान गरिएको छ। त्यसै कार्यसमिति सदस्यहरु रामबहादुर भण्डारीलाई सुरक्षा व्यवस्थापन, दीपक घिमिरेलाई ट्राफिक तथा पार्किङ व्यवस्थापन, विष्णुप्रसाद उपाध्यायलाई सरसफाई व्यवस्थापन तथा तेजनाथ भण्डारीलाई स्टल व्यवस्थापनको जिम्मेवारी प्रदान गरिएको छ।

अपरान्ह ४ देखि एती १० बजेसम्म सञ्चालन गरिने दीपावली सडक खाना महोत्सवमा ५० स्टल राखिनेछ । महोत्सवमा स्थानीय, विभिन्न जातजातीका सस्कृतिसंग जोडिएका परम्परागत तथा रेयाने खानाका परिकारसँगै तिहारमा आवश्यक पर्ने खानेकुरा, फूलमाला तथा अन्य सामग्रीका स्टल राखिने संघले जनाएको छ। यसले स्थानीय उत्पादन, परिकार र व्यवसायको प्रवर्द्धनसँगै उद्यमी तथा व्यवसायीहरुलाई बजार विस्तारको अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ।

दीपावलीको सांस्कृतिक र धार्मिक महत्वलाई संरक्षण तथा प्रवर्द्धन गर्दै स्थानीय कला, संस्कृति र परम्पराको पहिचान स्थापित गर्ने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको हो। एउटै स्थलमा खानाका विविध परिकार, तिहारका सामग्री, सांस्कृतिक प्रस्तुति र मनोरञ्जनका कार्यक्रम समेटिने भएकाले महोत्सवले चाडपर्वको रौनक बढाउनुका साथै बुटवलको आर्थिक तथा व्यावसायिक गतिविधिलाई समेत फलायमान बनाउने अपेक्षा गरिएको छ।

तीनदिनसम्म सञ्चालन गरिने दीपावली सडक खाना महोत्सवमा कला संस्कृतिको संरक्षण गर्नेगरी उदेशी भेला प्रतियोगिता, लोकल ब्याण्ड तथा गायिन कलाकारहरुको प्रस्तुति रहनेछ । सांस्कृतिक कार्यक्रमअन्तरगत महोत्सवको पहिलो दिन औपचारिक उद्घाटन कार्यक्रमपश्चात् देउसी भेला प्रतियोगिता गरिने छ भने दोस्रो दिन लोकल ब्याण्डको प्रस्तुति रहनेछ भने तेस्रो दिन गायिन कलाकारहरुको प्रस्तुति रहने पनि संघले जनाएको छ।

लोकेश्वर सा.व.उ.स. सुनवल ७ नवलपरासी (ब.सु.प.) को वनपैदावार लिलाम बिक्रीको लागि प्रथम पटक प्रकाशित सूचना

प्रकाशन मिति: २०८३/०७/१८

हिमिजन वन कार्यालयको च.नं. ६०३ मिति २०८३/०७/११ गतेको लिलाम सहमति अनुसार यस सा.व.उ.स. को स्वीकृत कार्ययोजना अनुसार गत आ.व.मा उत्पादन भई सुनवल ७ स्थित कार्यालय कम्पाउण्डमा पाटगढी भएको साल गोलिया थान १२९ को ७९०.५८ क्यु. फि. काठ समूह खाँहि लिलाम बिक्री गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरि २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सा.व.उ.स को कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ।

"सम्मुन्नत,सुरक्षित र वातावरणमैत्री सुन्दर शहर,सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमानगर"

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

"अन्तर्राष्ट्रिय गुणस्तर ९००१:२०१५ नगरपालिका"

बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना।

सूचना प्रकाशन मिति: २०८३/०७/१८

यस नगरपालिकाबाट आ.व २०८३/०८४ मा पर्यटन प्रवर्धनका लागि तिलोत्तमा २, बनाटिका पाँसमा निर्मित तिलोत्तमा बहुउद्देश्यीय टावर (भ्यू-टावर) सञ्चालन सम्बन्धी १५(पन्ध्र) वर्षसम्मको लागि (बहाल) ठेक्कामा लगाउन मिति २०८३/०६/०४ गते प्रकाशित सूचना अनुसार तिरपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये देहायमा उल्लेखित बोलपत्रदाताले वार्षिक रुपमा मू.अ.कर बाहेकको कबोल गरेको अङ्क सबैभन्दा बढी भई प्रचलित कानून बमोजिम सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र स्वीकृत गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

देहाय:-

क्र.स	आव सूचना नं.	कामको विवरण	ठेक्का अवधि (बहालमा रहने)	खोट भएको बोलपत्र दाताको नाम र ठेगाना	कबोल अंक मु.अ.कर बाहेक वार्षिक रु.
१	०७/२०८३/८४	तिलोत्तमा बहुउद्देश्यीय टावर ठेक्कामा (टावर-भ्यू) सञ्चालन गर्ने कार्य।	१५ (पन्ध्र) वर्ष	श्री होटल र नेस्ट प्रा.लि बुटवल -९	४०,१८,११९/- (चालिस लाख अठार हजार एकसय उन्निस) मात्र।

प्रमुख प्रशासकीय अधिकृत

मध्यबिन्दु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चोरमारा, नवलपरासी (ब.सु.पू)

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०८३/०७/१८

मिति २०८३/०६/०२ गते लुम्बिनी दैनिकमा प्रकाशित मध्यबिन्दु नगरपालिकाको विभिन्न बोलपत्र आह्वानको सूचना अनुसार तोकिएको दर्ता हुन आएका बोलपत्रदाताहरुमध्ये तपसिलमा उल्लेखित बोलपत्रदाता सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ को उपदफा (५क) र (५ख) बमोजिम सारभूत रुपमा प्रभावग्राही तथा औसत मूल्याङ्कित अङ्कसँग सबैभन्दा नजिक (Substantially Responsive Closest to Average Evaluated Bid)रहेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

सि नं	बोलपत्र नं र कार्यको विवरण	सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम,ठेगाना	कबोल गरेको रकम (मु.अ.कर र वि.दस सहित)	कैफियत
1.	**01/NCB/MB/WORKS/2083/084,** Belahani Pokharel Tol Dekhi Khahare Tol sammBato, Jorte Girgire Sadak Kalopatre and Bhu pu.Gate Dekhi Dakshin Tarf Sadak Istarunnati, Madhyabindu-12	Loard Buddha Construction And Suppliers Pvt.Ltd.	1,00,70,990.12	
2.	**021/NCB/MB/WORKS/2083/084,** Dadreni Chowk Dekhi Maharchowk Hudai Krishna Thapako Gharsamm Sadak Istharunnati and Chhabilal Thapa chowk Dekhi Balgase Tol Hudai Kulo Baadh Jane Bato Istharunnati, Madhyabindu-01	Siddhant Civil Works Pvt.Ltd.	94,93,049.50	
3.	**03/NCB/MB/WORKS/2083/084,** Asphalt Concrete Works on Alok Chakrapath and Bhramsthan Sadak Madhyabindu-03	HarHar Gange Construction Company Pvt.Ltd.	94,24,952.35	
4.	**04/NCB/MB/WORKS/2083/084,** Construction of Madhyabindu Samudayik Shabha Hall, Madhyabindu-07	B.T. Construction	35,20,387.97	

प्रमुख प्रशासकीय अधिकृत

Devchuli Municipality
Office of Municipal Executive
Pragatinagar, Nawalparasi (East)

Invitation for Bids (Hard copy)

First Date Of Publication:- 2083/07/18 (2026-11-04)

Devchuli Municipality Invites Open Competitive Bidding Form Eligible bidders for the Construction Works given in table below under competitive Bidding procedures .

s.n	Contract Identification no.	Description of works	Estimated Amount With OutVat but including PS	Bid Security Amount (Nrs.)	Bid Document Purchase Amount (Non return fund) (Nrs.)
1	06/WORKS/NCB/DEV/083/084	Ward no.13 antargatko sadakma gravel tatha wall nirman	3360500.06	92000.00	3000.00

Pre–Bid Meeting Date Time And Location Buy Bidding Documents purchased Time and location Deadline for Bid Submission Date Time And Location Opening Date Time And Location	2083/08/02(18th Nov.2026) 13:00 2083/08/08(24th Nov.2026) on 16:00 pm 2083/08/09(25th Nov.2026) till 12:00 noon 2083/08/09(25th Nov.2026) on 13:00 AM, at Office Premises
Account Details for Bid Document &	Name of the bankM NIC ASIA BANK,OfficeM Devchuli municipality, Daldale nawalparasi(East) Office Account Number:0772050029165002 Account Name:-GA 1.1-ANTARIK RAJASHWA KHATA-DEVCHULI NAGARPALIKA.
Bid Security Deposit.	Office:Devchuli Municipality, Daldale nawalparasi (East) Account Name:-GA 3-DHARAUTI KHATA -DEVCHULI NAGARPALIKA. Office Account Number: 0772050029165007.

1. Bidding Documents may be Purchased from the Devchuli Municipality Office by Eligible Bidders on the submission Of a Written Application along with The copies of company firm registration certificate,pan tax, and upon payment of a Non Re-Fundable fee Rs.3000 during office hours one day before the last date of bid submission.
2. Eligible Bidders May obtain further information at Devchuli municipality Office, Nawalparasi Bardaghat susta purba -mob.9857642111, 9857026978, 9842018832.
3. Under Single Stage Single Envelope Procedure (1S1E), Bidder Shall Submit the Mandatory Documents And Priced Bid Toghether In One Sealed Envelope, As ITB 18 Of Bidding Documents
4. Matters not Covered Above shall be as per the latest amendment of public procurement Act and its Regulation.

Chief Chief Administrative Officer

धितो लिलाम बिक्री गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति २०८३ साल कात्तिक १८ गते बुधबार

यस श्री परमानन्द बचत तथा ऋण सहकारी संस्था लि को ऋणी सदस्य रत्न शाक्य को बुहारी प्रेम रत्न शाक्यको श्रीमती तिलोत्तमा वडा नं ५, मणिग्राम निवासी बिन्दुरेखा शाक्य मान्धाले यस संस्थाबाट मिति २०७७-१२-२६ गते लिएको ऋणको नियमित रुपमा साँवा तथा ब्याज भुक्तानी नगरी ऋण लिदाको बखत गरेको शर्त उल्लंघन गरी ऋण भाखा नघाएको हुँदा उक्त ऋण असुलिका लागि पटक-पटक मौखिक, लिखित, पत्रिका तथा हुलाकबाट समेत ताकेता गर्दा पनि ऋण भुक्तानी नगरेकाले मिति २०८३-०७-१८ गतेको लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकामा ऋण चुक्ता गर्नका लागि ३५ दिने अन्तिम सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशन भएको ३५ दिन भित्र मिति २०८३/०८/२२ गते साँझ ३ बजे सम्मामा संस्थामा सम्पर्क राखि तिर्नुपर्ने, बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज र बाँकी बक्यौता सम्पूर्ण रकम गरि तिर्ने, बुझाउन नआएमा वा तिरी बुझाई सकेको प्रमाण पेश नगरेमा ऋण सुरक्षणको लागि संस्थाको नाममा लेखिदिएको तपशिलमा उल्लेखित घर र जग्गा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ को परिच्छेद ८ को नियम २० को उपनियम २ बमोजिम एवम् लुम्बिनी प्रदेश सहकारी ऐन २०७६, लुम्बिनी प्रदेश सहकारी नियमावली २०७६ को परिच्छेद ६ को नियम २३ को उपनियम (ख) एवम् संस्थाको नीति तथा कार्यविधिले दिएको अधिकार प्रयोग गरि धितो सुरक्षण बापत लेखाई दिएको धितो लिलाम बिक्री गरी यस संस्थाको सम्पुर्ण लेना रकम असुलउपर गरी लिनको लागि ऋणको सुरक्षण बापत लेखाई दिएको धितो लिलाम बिक्री गर्न प्रकाशित सूचना बमोजिम उल्लेखित म्यादमा तपसिलमा उल्लेखित लिलाम बिक्री हुने धितो सम्पति डाँक बढाबढ कबोल गरी लिन इच्छुक संघसंस्था, फर्म कम्पनी तथा सर्वसाधारण महानुभावहरुले प्रथम पटक सूचना प्रकाशित भएको ३६ औं दिन मिति २०८३-०८-२३ गते बुधबार साँझ ३ बजेसम्म संस्थाको कार्यालयमा डाँक बढाबढ कबोल गरी सकार्न अनुरोध गर्दछौं।

तपशिल :-

ऋणी धनी तथा ऋणीको नाम,थर	जिल्ला	गा.वि.स /न.पा.	वडा नं	किता नं	क्षेत्रफल
बिन्दुरेखा शाक्य मान्धर	रुपन्देही	तिलोत्तमा (साँवाक आनन्दवन बाईपास ४ क)	५	१०२३	०-०-२.५ (४२.३२ वर्गमिटर) यस भित्र बनेको घर समेत
पतिको नाम प्रेमरत्न शाक्य	रुपन्देही				
ससुराको नाम रत्न शाक्य	रुपन्देही				

व्यक्तिगत धन जमानीको नाम,थर	बाबुको नाम, थर		बाजेको नाम,थर	
श्रवण रत्न शाक्य	रत्न शाक्य		प्रेमरत्न शाक्य	

शर्त बन्देजहरु :-

१. धितोको चलनचल्तीको मोल कायम गरी उक्त मोलबाट डाँक शुरु गरिनेछ।
२. लिलाम बिक्रीको कार्य सकिनासाथ लिलाम सकार गर्नेले सकार गरेको मूल्यको १० प्रतिशत रकम सोही दिन धरौटिको रुपमा बुझाउनु पर्नेछ र बाँकी नब्बे प्रतिशत रकम लिलाम सकारेको मितिले ७ दिनभित्र बुझाई सक्नु पर्नेछ तथा सो म्यादभित्र नबुझाएमा धरौटी बापत राखेको रकम जफत हुनेछ।
३. लिलाम सकार्ने व्यक्तिले सकार गरेको मूल्यको १० प्रतिशत रकम उसै दिन नबुझाएमा निज पछि सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम सदर गरिनेछ।
४. लिलाम बिक्री नभएमा धितो सुरक्षण सम्पति संस्थाले सकार गर्ने छ।
५. सूचना प्रकाशित भईसकेपछि ऋणिले तिर्नु बुझाउनु पर्ने रकम बुझाएमा संस्थाले लिलामी स्थगित गर्न सकनेछ।
६. उक्त दिन सार्वजनिक बिदा परेमा अर्को दिन गरिनेछ।
७. लिलाम बिक्री सम्बन्धी विवाद परेमा लिलाम उप-समितिको निर्णय अन्तिम हुनेछ।

श्री परमानन्द बचत तथा ऋण सहकारी संस्था लि.

तिलोत्तमा- न.पा. ५, नयाँमिल, रुपन्देही, नेपाल,फोन नं. ०७१५९०६६७

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङको बेला पनि सेवा दिइने छ।

सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीज मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।


- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफेटी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउने हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297